बरेङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हुग्दिशिर,बागलुङ

गण्डकि प्रदेश,नेपाल

रमेश थापा

प्रमुख प्रशासकीय अधिकृत

## ढुंगा,बालुवा,गेग्रान लगायत नदिजन्य पदार्थ उत्खनन/संकलन तथा विक्री शुल्क उठाउने सम्बन्धी सूचना ।

सूचना प्रकाशित मिति : २०७६।०७।२०

आ.व. २०७६।७७ मा स्थानिय सरकार संचालन ऐन २०७४(संसोधन सहित),गण्डकी प्रदेश आर्थिक ऐन २०७६ को दफा ८ र बरेङ गाउँ कार्यपालिकाको मिति २०७६।०७।१७ गतेको कार्यपालिको बैठकको निर्णय बमोजिम बरेङ गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न खोला किनारहरुबाट रोडा,ढुंगा,गिट्टी,गेग्रान,दहत्तर,बहत्तर शुल्क संकलन कार्य ठेक्काबाट गराउन पर्ने भएकोले ईच्छुक इजाजतप्राप्त फर्मबाट तपसिलमा उल्लेखित विषय र शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र रितपूर्वकको सिलबन्दी दरभाउपत्र आब्हान गरिन्छ।

**शर्तहरुः**

१-यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय सम्म दरभाउपत्र फाराम रु. १००० )एक हजार रुपैयाँ मात्र ( भुक्तानी गरी (फिर्ता नहुने गरी ) बरेङ गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ। दरभाउपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाइ अन्तिम दिन मानिनेछ ।

२ -सूचना प्रकाशन भएको मितिले १६ औं दिनको दिउंसो १२ बजे सम्म दरभाउपत्र दाखिला गर्न सकिने छ । सोहि दिनको दिउसो १ बजे कार्यालय प्रतिनिधि र दरभाउपत्रदाताको रोहवरमा कार्यालयमा नै दरभाउपत्र खोलिनेछ।उक्त दिन बिदा परेमा त्यसको भोलि पल्ट दरभाउपत्र खोलिने छ । दरभाउपत्रदाता उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३-आफुले कबोल गरेको अंकको ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा प्रभु बैंक लि .बरेङ शाखामा रहेको धरौटी खाता नं१ .७०००२०११२७१७५००००३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड दरभाउपत्र दाखिल गर्ने अन्तिम मितिले १२० दिनको अवधि भएको समावेश गर्नु पर्नेछ।

४-कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको दरभाउपत्र फारामलाई मान्यता दिईने छैन। दरभाउपत्र साथ फर्म दर्ता प्रमाण पत्र ,फर्म नविकरण ,मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्नेछ।

५-जुन फर्मको नामबाट दरभाउपत्र खरिद भएको हो सोही फर्मको नामबाट मात्र दरभाउपत्र दर्ता गर्न सकिनेछ । दरभाउपत्र भर्दा स्पष्ट रुपमा अङ्क र अक्षरमा भर्नुपर्नेछ अङ्क र अक्षर फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ ।

६-प्रत्यक दरभाउपत्रको छुट्टा छुट्टै खाममा आफुले कबोल गर्न चाहेको विषय वा शिर्षकको सूचनामा उल्लेखित दरभाउपत्र नं .सहित कामको विषय वा शिर्षक लेखी दरभाउपत्र सिलबन्दी गरी पेश गर्नु पर्ने छ।

७-दरभाउपत्र बापत नियमानुसार आफुले बुझाउन पर्ने सम्पूर्ण रकम ठेकदार स्वयंले बुझाउन पर्ने छ । सम्झौताको लागि स्वीकृत दरभाउपत्र दाताले आफुले कबोल गरेको कुल रकम तीन किस्ता गरी बुझाउन सक्ने छ । यसरी बुझाउने किस्ता मध्ये प्रथम किस्ता बापत कम्तिमा ५० %रकम सम्झौता गर्ने समयमा गाउँपालिकाको सञ्चित खाता नं. १७०००२०११२७१७५००००४ मा अग्रिम दाखिला गर्नु पर्नेछ। बाँकी रकमको हकमा नेपाल सरकारको मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा २०७७ श्रावण मसान्त सम्मको लागि जारी भएको अग्रिम भुक्तानी बैंक ग्यारेन्टी वा नगद जमानत पेश गर्नु पर्ने छ।

८-आफूले कबोल गरेको ठेक्का अंकको रकम एकमुस्ट अग्रिम बुझाउने दरभाउपत्र दातालाई कबोल अंकको ५ %सम्म छुट दिई सम्झौता गर्न सकिने छ । तर धरौटीको रकमलाई सो रकममा समाबेश गरिने छैन।

९-ठेकेदारले सम्झौता पत्रमा तोकिएको बस्तुहरुमा मात्र तोकए बमोजिमको दर रेटमा कर दस्तुर असुल गर्नु पर्ने छ । प्रचलित ऐन नियम कानुन सम्झौता र सूचनाको शर्तहरु विपरित कार्य गरेमा जुनसुकै समयमा पनि कार्यालयले सम्झौता तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ।

१०-प्रचलित नियम विपरित कर असुल गर्न वा एउटा स्थानीय तहले लिएको करको प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असुल गर्न पाईने छैन।

११-बरेङ गाउँपालिकालाई तिर्नु पर्ने रकम तथा जिन्सी सामानहरु बक्यौता देखिएमा त्यस्ता फर्मका नाममा समेत दरभाउपत्र स्वीकृत गरीने छैन।

१२-दरभाउपत्र स्वीकृत गर्ने ,आंसिक स्वीकृत गर्ने र स्वीकृत नगर्ने सम्पूर्ण अधिकार बरेङ गाउँपालिकामा सुरक्षित रहने छ।

१३-गाउँपालिकाले तोकेको कर संकलन केन्द्रमा कर दस्तुर उठाउने वस्तुको स्पस्ट सूचि राख्नु पर्नेछ।ठेक्का को अवधि ठेक्का सम्झौता मिति देखि २०७७ जेठ मसान्त सम्म रहने छ।

१४-ठेक्का अवधि समाप्त भए पछि कर चुक्ता गरेको प्रमाण पत्र पेश गरेपछि मात्र धरौटी रकम फिर्ता दिईनेछ।

१५-बन्द हड्ताल चक्काजाम वा अन्य कुनै कारण देखाई कार्यालयमा मिनाह माग गर्न पाईने छैन।

१६ -नेपाल सरकार ,प्रदेश सरकार र यस कार्यालयबाट समय समयमा दिईएको नीति निर्देशनहरु पालना गर्नु सम्बन्धित ठेकदारको कर्तब्य हुनेछ।

१७-ठेक्का सम्बन्धी कुनै बिबाद भएमा आपसी सहमतिबाट टुङ्गो लगाईने छ । यदि सहमति हुन नसके गाउँपालिकाको निर्णय अन्तिम हुने छ।

१८-ठेकदारले दरभाउपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गर्नको लागि कार्यालयमा सम्पर्क गरी सक्नु पर्ने छ । तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी नियमानुसार ठेक्का ब्यबस्थापन प्रक्रिया अगाडि बढाईनेछ।
१९-दरभाउपत्र सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गर्न सकिने छ । करको दर रेट दरभाउपत्र फाराममा उल्लेख हुनेछ।
२०प्रारम्भिक वातावरणीय परीक्षण- (IEE) बाट औल्याईएका सुझावहरुलाई पालना गर्नु पर्नेछ।
२१ यसमा उल्लेख नभएको थप कुराको हकमा गण्डकी प्रदेश सरकारबाट जारी भएको ढुंगासंकलन ,उत्खनन् वालुवा ,गिट्टी , र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थापन गर्ने कार्यविधि,२०७५ ,र बरेङ गाउँपालिकाको सार्वजनिक खरिद नियमामवली २०७६ , रअन्य प्रचलित कानुन बमोजिम हुनेछ ।
२२ थप विवरण बुझ्नको लागि ९८४७६५९३२७,९८४७९५०१७८ मा सम्पर्क गर्न सकिने छ । र विवरण यस प्रकार रहेको छ ।

<u>तपसिल</u>

| ठेक्का नम्बर | ठेक्काको विवरण(घाट/खोला किनार) [ढुंगा,गिट्टि,ग्राभेल,बालुवा उत्खनन/संकलन तथा विक्रि वितरण] | कर उठाउने दररेट | उत्खनन/संकलन तथा विक्रि परिमाण(घन फिट) | न्यूनतम ठेक्का रकम रु. (मू.अ.क. बाहेक) | न्यूनतम ठेक्का रकम रु. (मू.अ.क. समेत) | धरौटि रकम रू. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| ०१।२०७६।०७७ | **१)बरेङ गा.पा. ३,बाटाकाचौर**<br>बरेङ गा.पा. ३ भलायचौर(दायाँ किनार,२०० मि. तल/माथि)<br>बरेङ गा.पा. ३ नयाँबजार(दायाँ किनार,५० मि. तल/माथि)<br>बरेङ गा.पा. ३,खाल्ले खोला दोभान बाट २०० मि. माथि (दायाँ किनार,६०० मि. माथि) | रु.४।- प्रति घन फिट | ७४,६९१.२३ | रु२,९८,७६४।९२ | रु.३,३७,६०४।३६ | कबोल अंकको (मू.अ.क. समेत) ५% | रु.१,०००।- |
| ०२।२०७६।०७७ | **२)बरेङ गा.पा. २,हुग्दिशिर**<br>बरेङ गा.पा. २,सानो दलेङ (दुवै किनार,१५० मि. तल/माथि)<br>बरेङ गा.पा. २, डाँडाथोक (दुवै किनार,३०० मि. तल/माथि)<br>बरेङ गा.पा. २,फेदी (दुवै किनार,२०० मि. तल/माथि) | रु.४।- प्रति घन फिट | ९३,७६१.३३ | रु३,७५,०४५।३२ | रु.४,२३,८०१।१७ | कबोल अंकको (मू.अ.क. समेत) ५% | रु.१,०००।- |